# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्या : ८ मंसीर ३०, २०७६

## भाग-२

### मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालयको

### सूचना

## कृषि विमा प्रवर्द्धन प्रोत्साहन कार्यान्वयन कार्यविधि, २०७६

संवत् २०७६ सालको कार्यविधि नं ८

प्रस्तावनाःमानव समाजमा विपत्ति वा जोखिमका प्रर्याप्त सम्भावनाहरुरहेका छन ।कृषकहरुले व्यक्तिगत जीवन रोजगारी व्यवसायिक कारोवार सबै क्षेत्रहरुमा विभिन्न जोखिमहरु व्यहोर्नु परेकोछ । यसर्थ मुसिकोट नगर

क्षेत्रभित्रका कृषहरुले लगाएका वालीनालीहरुको विभिन्न जोखिमवाट हुने क्षतिवाट राहत दिने तथा  वाली वीमालाई प्रवर्द्धन गर्ने उदेश्यले मुसिकोट नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही "कृषि विमा  प्रवर्द्धन प्रोत्साहन कार्यान्वयनकार्यविधि २०७६" निर्माण गरी जारी गरेकोछ।

परिच्छेद १

प्रारम्भिक

**१.**संक्षिप्त नाम र प्रारम्भः

१)**यो कार्यविधिको नाम** "कृषि विमा  प्रवर्द्धन प्रोत्साहन कार्यान्वयन कार्यविधि २०७६"

२) यो कार्यविधि मुसिकोट नगर कार्यपालिकावाट स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

**२.परिभाषाः (१)** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क)**"वाली वीमा"**  भन्नाले नेपाल सरकारले तयार एवं स्वीकृत गरेको वालीहरुको वीमालेख वमोजिमका वालीहरुको वीमा लाई जनाउदछ।

ख)वीमाको लागी **“जोखिम(Risk)”** भन्नाले आर्थिक क्षतिको अनिश्चितता हो।

ग) **"वीमा व्यवसाय "भन्नाले** जीवन वीमा निर्जिवन वीमा र पनर्वीमा पर्दछन तर यहा वालीनाली वीमा(निर्जिवन) वीमालाई वीमा व्यवसाय वुझाउछ।

घ)**“वीमा अभिकर्ता”** भन्नाले कृषि वीमा सम्वन्धी तालिम लिई राष्ट्रिय वीमा समितिवाट इजाजत प्राप्त व्यक्तीलाई सम्झनुपर्दछ ।

ङ)**”विमक”** भन्नाले वीमा कम्पनीलाई जनाउदछ।

च) **"विमित वाली"** भन्नाले वीमा समितिवाट जारी भएका वाली वीमालेख वमोजिम वीमा गरिएका वालीहरु सम्झनुपर्दछ ।

छ)”**विमित**” भन्नाले नगरपालिका क्षेत्रभित्रका वीमा गराउने व्यक्ति वा संस्थालाई जनाउदछ।

ज)”**वीमा अवधि**” भन्नाले वाली तथा पशुपंक्षी वीमा निर्जिवन वीमा अन्तर्गत पर्ने भएकाले अधिकतम वीमा अवधि १(एक)वर्षको हुनेछ।

झ)**”विमाङ्क रकम**” भन्नाले विमित तथा विमकवाट मान्यता प्राप्त प्राविधिकले संयक्त रुपमा भरी विमाको प्रस्ताव फारमको साथमा पेश भएको तरकारी,खाद्यान्न, तथा मसला खेती विमाको लागत मूल्य वा

उत्पादनमा आधारित मूल्य निर्धारणमा लेखिएको घोषित मूल्य सम्झनुपर्छ।

ञ)**"प्राविधिक"** भन्नाले कृषि विकास शाखा, कृषि ज्ञानकेन्द्र, पशु सेवा शाखा पशु अस्पताल वा मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि विषयमा आधारभुत ज्ञान हासिल गरेको व्यक्ति सम्झनुपर्छ।

ट)**"वालीहानी नोक्सानी प्रमाण पत्र"** भन्नाले सम्वन्धित सदस्य संस्था र प्राविधिकले विमित वालीको हानी नोक्सानी भएको भनी प्रमाणित गरी दिएको प्रमाण पत्रलाई सम्झनुपर्छ।

ठ)**"दुर्घटना"** भन्नाले वाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक माध्यमवाट हुने आकस्मिक घटना सम्झनुपर्छ।

ड)**"विपदा(Peril)"** भन्नाले क्षति उत्पन्न गर्ने कारणजस्तै अग्नि, भुकम्प,वाढी, पहिरो, खडेरी ,आधिवेहरी,डुवान, तुसारो, हिउ, असिना, किरा तथा रोगलाई सम्झनुपर्दछ

ढ)**"नैतिक जोखिम** (Moral Hazard)" भन्नाले वीमा गराउने व्यक्तिले वीमा दावी लिनका लागी जानाजान क्षती गराउने अवस्थालाई वुझाउछ।

ण)**“वीमा समिती”** भन्नाले वीमा समिति नेपालको वीमा व्यवसायलाई व्यवस्थित,विकसित, नियमितर नियन्त्रित गर्नको लागी वीमा ऐन २०४९ अनुसार स्थापना गरिएको एक स्वशासित संस्था हो ।

त)**“वीमा नियमन"** भन्नाले नेपालमा वीमा व्यवसाय गर्ने वीमा ऐन २०४९ अन्तर्गत रही स्थापना भएको वीमा कम्पनीहरुले ऐन अन्तर्गत रही कार्य गरे नगरेको समय समयमा वीमा समितिवाट निरिक्षण गरी समय सापेक्ष नीति,निर्देशन तथा आवश्यकतानुसार दण्ड जरिवाना गर्नु वीमा नियमनको कार्य अन्तर्गत पर्छ ।

## परिच्छेद २

## वीमा गर्ने प्रकृया

क)वीमाको लागी मुसिकोट नगरपालिकावाट सुचना प्रकाशन गरिनेछ ।

ख) सुचनाले तोकेको मिति म्याद समयावधिभित्र वीमा गर्नुपर्दछ ।

ग) वीमा समितिले तयार गरेको वीमालेखमा आधारित शर्तहरुमा रहेर वाली वीमा गरिनेछ ।

घ) रक्षावरण गर्ने जोखिमहरु क्षतिपूर्ति नदिने अवस्थाहरु  वीमा लेखमा उल्लेख भएवमोजिम हुनेछ ।

ङ )तरकारी वालीको हकमा आधा रोपनीमा र खाद्यान्न वाली हकमा कम्तीमा १ रोपनीमा खेती गरेको हुनुपर्नेछ ।अधिकतम ७ रोपनीसम्ममा वीमा शुल्क वापतको रकम भुक्तानी दिइनेछ ।

## परिच्छेद ३

## वीमा शुल्क भुक्तानी लिने प्रकृया

नेपाल सरकारले कृषि वीमामा वीमाशुल्कको ७५ प्रतिशत  अनुदान दिन्छ रकृषकले २५ प्रतिशत व्यहोर्ने व्यवस्था  रहेकोछ । मुसिकोट नगरपालिकाले कृषि वाली वीमालाई प्रवर्द्धन प्रोत्साहन गर्ने उदेश्यले नगरक्षेत्रभित्रका कृषकले व्यहोर्नुपर्ने २५ प्रतिशत  रकम देहायको मापदण्डमा रही भुक्तानी दिनेछ ।

तपशिलः

१ सुचनाले तोकेको मिति म्याद समयावधिभित्र वीमा गरेको हुनुपर्नेछ ।

२ वीमा गरिसकेपछि सक्कल वीमालेख र रसिद सहित मुसिकोट नगरपालिकामा  भुक्तानी निवेदन दिनुपर्नेछ ।साथै साथमा नागरिकता लिएर आउनुपर्नेछ ।

३ मुसिकोट नगरपालिका भित्रका कृषक मात्र यो कार्यक्रम वाट लाभान्वित हुनेछन । कृषकले भुक्तानी निवेदन दिएको सातदिनभित्र कृषकले तिरेको वीमाशुल्क वापतको रकम भुक्तानी कार्यालयले गर्नुपर्नेछ ।

४ सात रोपनी भन्दा वढी वीमा शुल्क रकम भुक्तानी गरिनेछैन ।

५ वजेटको परिधिभित्र रही भुक्तानी दिइनेछ।

आज्ञाले,
नरवीर खड्का
प्रमुख प्रशासकीय अधिकृत